म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २०९ सोमबार, २३ फागुन २०७८ पञ्चमी ने. सं. ११४२ सिल्लागा 7 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खैरो हेरोइनसहित दुई जना पक्राउ

हेटौंडा, २२ फागुन/ मकवानपुर प्रहरीले लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५ रातोमाटेबाट लागूऔषध खैरो हेरोइन ७ ग्राम ६ सय मिलिग्रामसहित दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा-१० कर्राका २२ वर्षीय थिल्ले लामा तामाङ र हेटौंडा-४ का २६ वर्षीय अजय घले रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले सुरक्षा जाँच गर्ने क्रममा बीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बा.१९ प ३०४१ नम्बरको मोटरसाइकलमा सवार थिल्ले र अजयलाई प्रहरीले लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरेको जनाएको छ ।

# लोपोन्मुख समुदायबाट उदायकी सन्तोषी

श्रीजना नेपाल

हेटौंडा, २२ फागुन/ सन्तोषी वनकरिया । लोपोन्मुख समुदायबाट उदायकी एक उदाहरणीय पात्र । जो वनकरिया समुदायलाई शिक्षित र आत्मनिर्भर बनाउने अभियानमा छिन् । उनलाई गाउँमा सबैले सन्तोषी दिदी भन्छन् । किनकी उनी साँच्चिकै गाउँका बालबालिकाको लागि ज्ञान छर्ने दिदी बनेकी छन् ।

सरकारले लोपोन्मुख समूहमा राखेको वनकरिया समुदायमा जन्मिएर पनि उनले हासिल गरेको सफलता आममानिसको लागि सामान्य भएपनि वनकरिया समुदायको लागि भने अकल्पनीय हो । जंगलमा रमाउन मन पराउने र सामान्य मान्छेलाई देख्दा पनि डराउने वनकरिया बस्तीमा हुर्केकी उनले ९ वर्षसम्म जंगलको जीवन बिताइन् । जंगलमै जन्मेर जंगलमै हुर्किएकी सन्तोषीले विद्यालय गएर पढ्ने र सामान्य मान्छेसरह जीवन बिताउने कुरा कल्पना पनि गरेकी थिइनन् ।

झन् अरुको शिक्षाको पनि सहारा बन्ने कुरा त उनको लागि निकै पर थियो । ९ वर्षसम्म जंगलमै गिट्ठा भ्याकुर खाएर हुर्केकी उनी पहिलोपटक समुदायमा आउँदा डराएकी थिइन् । सामान्य मान्छेलाई देख्दा पनि डराउने उनले ९ वर्ष हुँदा पहिलो अक्षर चिन्न पाइन् । जंगलबाट समुदायमा आएपछि उनले अरू स्कुल गएर पढेको देखिन् ।



सन्तोषी वनकरिया

आफूलाई पनि विद्यालय जाने रहर जागेपछि पढाइमा उनले अगाडि बढाएको कदम अहिले समुदायका ३३ बालबालिकाको साहारा बनेको छ । अरूले सुकिलो लुगा लगाएर स्कुल गएको देखेरमात्रै विद्यालय जान थालेकी आफूले पढेर गाउँका बालबालिकालाई सिकाउन पाएकोमा खुसी लागेको उनले बताइन् । 'पेटभरि पनि कहिल्यै खान नपाएको अवस्थामा स्कुल गएर पढ्न पाउनु मेरा लागि ठूलो कुरा हो', उनले भनिन् । सन्तोषीले समुदायमा अझै पनि शिक्षा प्राथमिकता नपरेको हुनाले आफैंले पढाउन थालेको बताइन् । 'म स्कुल जान पाउँला भन्ने पनि मैले सोचेकी थिइनँ तर, मैले एसएलसीसम्म पढ्न पाएँ', उनले भनिन्, 'त्यसपछि आफूले चाहेअनुसारको पढेर जेटीए बन्न पाएँ । अब वनकरिया बस्तीलाई शिक्षित र आत्मनिर्भर बनाउनु छ ।'

सन्तोषी वनकरिया समुदायमा एसएलसी पास गर्ने दोस्रो व्यक्ति हुन् । स्कुल भर्ना निःशुल्क भएपनि कापी कलमको जोहो गर्न उनलाई निकै मुस्किल परेको थियो । उसो त घण्टौं जंगलको बाटो एक्लै बिहान साँझ हिँड्न पनि उनलाई गाह्रो नपरेको होइन ।

सन्तोषी समुदायमा घुलमिल भएर स्कुल जान थालिसक्दा पनि उनका बुवाआमा अरू मान्छे देख्दा डराउँथे । त्यसैले उनले पढाइमा घरबाट सहयोग पाउन सकिनन् । विभिन्न व्यक्तिको सहयोगमा एसएलसी पास गरेकी उनले अरूको सहयोगमै जेटीए पढिन् । गिट्ठा भ्याकुर खोज्दै हुर्किएकी उनले कृषिसम्बन्धी पढ्न रुचाइन् । जेटीए पढ्न उनलाई केही व्यक्तिले सहयोग गरेपनि पढ्दा आवश्यक पर्ने किताब कापी, खाना र बस्नको व्यवस्था उनले क्रिष्टल माला उनेर जुटाइन् । निकै संघर्ष गरेर जंगलदेखि जेटीएसम्मको यात्रा तय गरेकी सन्तोषी गाउँका बालबालिकालाई हरेक बिहान दुई घण्टा पढाउँछिन् ।

भर्खरै बोली फुट्न थालेका बालबालिकालाई स्कुलप्रतिको लगाव बढाउन पनि सन्तोषी पढाउन थालिहाल्छिन् । विद्यालय जाने बालबालिकालाई पनि उनी बिहान पढाएरमात्रै पठाउँछिन् । सन्तोषी जेटीए पढेर गाउँ आउँदा स्कुल जाने विद्यार्थी नै थिएनन् तर, उनले आफैंले गाउँमै पढाउन थालेपछि वनकरियाका छोर ाछोरी विद्यालय जान थालेका छन् । बिहान २ घण्टासम्म सन्तोषीसँग पढेपछि मात्रै वनकरिया समुदायका बालबालिका विद्यालय जान्छन् ।

'सुरुमा त मैले गाउँमा पढाउँछु भन्दा कसैले पनि मानेनन् तर, बिस्तारै अहिले ३३ जना बालबालिका मसँग पढ्न आउँछन्', उनले भनिन् । अहिले सन्तोषीले मनहरी गाउँपालिका-४ नयाँबस्ती स्थित आफ्नै गाउँमा तरकारी खेती गरेकी छन् । गाउँका बालबालिकालाई पढाउनुका साथै उनी गाउँलेलाई तरकारी खेतीमा प्रेरित गरिरहेकी छन् । सन्तोषीले अहिले काउली तथा विभिन्न प्रकारका साग खेतमा टन्नै लगाएकी छन् ।

उनी गाउँका वनकरियाका छोराछोरीलाई पढाउँछिन् भने तिनका अभिभावकलाई कसरी खेती गर्ने भनेर सिकाउँछिन् । वनकरिया समुदाय अरूमाथि निर्भर बनेको उनलाई पटक्कै मन पर्दैन । हरेक कुरामा पछाडि परेका वनकरिया समुदाय खानकै लागि पनि अरूको सहयोगको बाटो हेरेको आफूलाई मन नपर्ने गरेको बताउँछिन् । त्यसैले सन्तोषी वनकरिया बस्तीलाई आत्मनिर्भर बनाउन चाहन्छिन्। सामान्य मान्छेले जस्तै वनकरियाले पनि आफैं आयआर्जन गरेर जीवनयापन गरेको हेर्ने उनको इच्छा छ । त्यसैले सन्तोषी आफ्नो सीप र शिक्षा दुबैलाई वनकरिया बस्ती परिवर्तनमा लगाइरहेकी छन् ।


## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००



## NAVODAYA SHISHU SADAN
### VACANCY

Navodaya Shishu Sadan invites application for competent, dedicated, and motivated individuals wanting to make career in the following posts:

| S.N | Post | Required No. | Academic Qualification |
|---|---|---|---|
| 1 | Grade Teachers(Primary/Pre-primary) | Few | Bachelor |
| 2 | Primary /Lower Secondary Social Teacher | 1/1 | Bachelor |
| 3 | Primary /Secondary Nepali Teacher | 1/1 | Bachelor |
| 4 | Lower Secondary Science Teacher | 1 | Bachelor |
| 5 | Lower Secondary Computer Teacher | 1 | Bachelor |
| 6 | Math Coordinator | 1 | Master |
| 7 | Computer Lab Assistant | 1 | - |
| 8 | Lower Secondary Life Skill Teacher | 1 | Bachelor |
| 9 | Sports Teacher | 1 | - |

Experience:
- Preferably 2 years of experience for each post
- Freshers with high motivation and learning attitude are welcome to apply.

Salary:
- School maintains the salary in line with government scale.
- Negotiation can be done for experienced candidates.

Other Qualifications:
- Strong command of respective subject matter.
- Ability to use Word, Excel, meeting softwares, Learning Management system etc.
- Good command of English and Nepali language.
- Should be a team player and have leadership qualities.
- Positive and learning attitude.

Drop the CV along with an application letter in our School or in the email navodaya.vacancy@gmail.com by 27th Falgun, 2078.
Only shortlisted candidate will be called for the interview.

Navodaya Shishu Sadan, Hetauda-4, Kamaldanda
Contact No : 057-525940/524959



हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

## शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१0,000।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# बाख्रा फार्ममा बोरिङ्गबाट पानी उत्पादन बढाउन कोशेढुंगा सावित हुनुपर्छ

मकवानपुरको ईन्द्रसरोबर गाउँपालिकाअन्तर्गत् चित्लाङ बाख्रा फार्ममा ७८ वर्षपछि बोरिङ्गबाट पानीको स्रोत व्यवस्थापन भएको छ । समुन्दी सतहबाट साढे १७ सय मिटर उचाईमा रहेको उक्त स्थानमा एकसय ३८ मिटर गहिरो बोरिङ्ग गरेर पानी निकाल्नु आफैंमा चुनौतीपूर्ण कार्य हो । यस कार्यमा सहयोग गर्ने बागमती प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालय र नेपाल विद्युत् प्राधिकरण पालुङ वितरण केन्द्रलाई समन्वयमा ल्याउने फार्म व्यवस्थापन धन्यवादको पात्र बनेको छ । विद्युत् जोड्ने कार्यमा सहजीकरण गर्ने प्राधिकरणको प्रबन्ध निर्देशक कुलमान घिसिङलाई पनि धेरैथोरै श्रेय जान्छ ।

वि.सं. २००१ सालमा नेपालकै पहिलो बाख्रा फार्मको रुपमा तीनसय पाँच रोपनी क्षेत्रफलमा स्थापना भएको फार्मको एकसय आठ रोपनी त चरिचरण क्षेत्र छ । तर, हिउँदको समयमा पानीको अभावमा चरिचरण क्षेत्र पुरै सुख्खा हुँदा त्यहाँका बाख्रा, भेडा तथा खरायोहरु चर्ने ठाउँ पाउँदैनथे। जसका कारण फार्मबाट हुनुपर्ने उत्पादन उल्लेख्य नभएको हामीमाझ छिपेको छैन । चरिचरणको लागि त पानी थिएन, बाख्रालाई खुवाउने पानीसमेत कर्मचारीहरुले खोल्साबाट तानेर ल्याउनुपर्ने बाध्यात्मक अवस्था थियो । यो दर्दनाक अवस्थाबाट अब फार्म मुक्त भएको छ । अब फार्मका बाख्रा, भेडा तथा खरायोहरुले पर्याप्त पानी पिउन पाउनुपर्दछ भने चरिचरण क्षेत्र पनि सदैव हरियो हुने वातावरण बनाउनुपर्दछ ।

अनुसन्धान केन्द्रको रुपमा पनि विकास हुँदै आएको फार्ममा हाल विभिन्न जातका दुईसय ९८ बाख्रा, बरुवाल जातको ५६ वटा भेडा, ६३ वटा खरायो रहेका छन् । ती संख्या अब बढ्नुपर्छ । बाख्रा फार्ममा बाख्रा लिन नेपालबाट मात्रै होइन विदेशबाट पनि खरिदकर्ता आउने वातावरण बन्नुपर्छ । खरिद बढेसंगै उत्पादनलाई पनि उल्लेख्यरुपमा बृद्धि गर्न फार्मको व्यवस्थापन टिम सक्रिय ढुंगले लाग्नुपर्छ । पर्यटकीय क्षेत्रको रुपमा परिचित चित्लाङ बाख्रा फार्म अझै प्रख्यात हुँदै त्यस क्षेत्रको पर्यटन प्रबर्द्धनमा पनि टेवा पुऱ्याउनु पर्दछ । अनिमात्र सरकारको लगानीको सार्थकता हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ फागुन २४ गते मंगलबार ८ मार्च २०२२ । फागुन शुक्ल षष्ठी । चिल्लाथ्व षष्ठी ११४२ । सूर्योदय ६:२१ र सूर्यास्त ४:०८ मा हुनेछ । नारी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : मिष्ठान्न भोजन | **धनु** | : सुख प्राप्ति |
| **कर्कट** | : धन नष्ट | **मकर** | : प्रेममा सफलता |
| **सिंह** | : यात्राको योग | **कुम्भ** | : शत्रुबाट मुक्त |
| **कन्या** | : आलश्यता | **मीन** | : शुभ कार्यको थालनी |

# संकटमा विदेशी मुद्रा कसरी बढाउने ?



वीरेन्द्रबहादुर बस्नेत

गएको सात महिनामा एघार खर्ब रूपैयाँ बराबरको आयात र एक खर्ब ३१ अर्ब बढीको निर्यात । हाम्रो अहिलेको अर्थतन्त्र बुझ्न यो तथ्यांक काफी छ । तीन दशक अघिसम्म हामी धान-चामल निर्यात गर्थ्यौं । अहिले खर्बौं रूपैयाँको खाद्यान्न आयात गरिरहेका छौं । परिणामत: हाम्रो विदेशी मुद्रा सञ्चिती घट्दो छ । नेपाल राष्ट्र बैंकको छ महिनाको तथ्यांकअनुसार मुलुकको शोधनान्तर स्थिति दुई खर्ब ४१ अर्ब रूपैयाँ घाटामा छ । राष्ट्र बैंकसँग हाल नौ अर्ब ८९ करोड डलर बराबरको विदेशी मुद्रा सञ्चिती छ । यस्तो सञ्चितीले ६ महिनाको वस्तु तथा सेवा र ७ महिनाको वस्तु आयात मात्र धान्न सकिन्छ ।

गत असार मसान्तमा राष्ट्र बैंकसँग ११ अर्ब ७५ करोड डलर विदेशी मुद्रा सञ्चिती थियो । विदेशी विनियम सञ्चितिमा कमी आउनुका मुख्य कारणमा विप्रेषण (रेमिट्यान्स) आप्रवाहमा आएको गिरावट, विदेशी सहायता तथा प्रत्यक्ष वैदेशिक लगानी नबढ्नु, कृषिमा परनिर्भरता बढ्दै जानु र पर्यटन क्षेत्रले गति लिन नसक्नु हुन् । राष्ट्रको गतिशील अर्थतन्त्रका लागि मजबुत विदेशी मुद्रा सञ्चिती हुन अति आवश्यक मानिन्छ । यसका लागि आयातभन्दा निर्यात बलियो हुनुपर्छ वा आयात घटाएर राष्ट्रभित्रै प्रतिस्थापित उत्पादन हुनुपर्छ । आजका दिनमा विदेशी मुद्रा सञ्चितीमा सबैभन्दा ठूलो भूमिका खेलेको एक मात्र क्षेत्र वैदेशिक रोजगारी हो । गत आर्थिक वर्ष रेमिट्यान्सबाट ९ खर्ब ६१ अर्ब भित्रिएको थियो ।

कुल गार्हस्थ्य उत्पादनको २२ प्रतिशत बराबर रेमिट्यान्सको योगदान छ । यसैगरी अर्को महत्वपूर्ण क्षेत्र हो पर्यटन । विगतका वर्षमा ८० अर्ब रूपैयाँ यस क्षेत्रबाट भित्रिन्थ्यो । तर महामारीपछि ७-८ अर्ब रूपैयाँमा खुम्चिएको छ । विश्वमा देखापरिरहेको ध्रुवीकरणको समस्या रेमिट्यान्समा पऱ्यो भने त्यो निकै अप्रिय हुनेछ । यसले ठूलो आर्थिक समस्या सिर्जना हुने र शान्ति सुरक्षा बिथोलिनेसम्मको स्थिति आइपर्न सक्छ । हाल वैदेशिक रोजगारीमा जाने मूलत: अप्रशिक्षित जनशक्ति छन् । उनीहरूले औसत महिनाको तीस हजार रूपैयाँ बचत गरिरहेका छन् । भोलिका दिनमा देशभित्रै यस प्रकारको अप्रशिक्षितले रोजगारीको अवसर सिर्जना भयो या जनसंख्या नै घट्ने अवस्थामा वैदेशिक रोजगारीमा जाने संख्या पनि घट्यो भने स्वत: रेमिट्यान्स घट्न गई विदेशी मुद्रा सञ्चिती पनि घट्नेछ ।

वैदेशिक रोजगारबाहेक विकसित राष्ट्रमा पुगेका शिक्षित युवाहरू सकभर त्यहींको नागरिक भएर बस्ने चाहना गर्छन् । रेमिट्यान्सबाट हुने वैदेशिक मुद्रा आर्जन धेरै समयसम्म आश गर्नु स्वभाविक हो । तर भैपरी परिस्थितिका कारण घट्ने सम्भावना उत्तिकै छ । यस्तो अवस्थामा राष्ट्रको वैदेशिक मुद्रा आवश्यकता नपुग्न सक्छ । त्यसकारण अन्य विकल्प अपनाउनुपर्ने हुन्छ । सञ्चिती मुद्राले पारेको प्रभावको ज्वलन्त उदाहरण आजको श्रीलंका हो । पर्यटनमा अत्यधिक निर्भर रहेको श्रीलंकाले कोभिड महामारीपछि डलर भिœयाउन नसकेका कारण अर्थतन्त्र डामाडोल भएको छ । उसले भारतसँग ५५ अर्ब भारू सहयोग मागेको छ ।

**समाधानका केही उपायहरू**

अब सबैले व्यवस्थित रूपमा विदेशी मुद्रा सञ्चिती बढाउने, अनुत्पादक खर्च घटाउने र आर्थिक कारोबारमा केन्द्रित भएर अघि बढ्नुपर्छ । सुशासन कायम गर्दै स्थानीय सरकारलाई मजबुतिका साथ अघि बढाउनुपर्छ । संविधान प्रदत्त अधिकारलाई स्थानीय सरकारले जनसमुदायमा परिचालन गरी उद्यमशीलतालाई प्राथमिकताका साथ लागू गर्नुपर्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जुन अधिकार प्रत्यायोजन गरिएको छ, त्यसलाई टेकेर स्थानीयजनले आफ्नो सुशासन एवं सहभागितामूलक आर्थिक उन्नति अगाडि बढाउन प्रचुर सम्भावना सिर्जना भएको देखिन्छ । स्थानीयस्तरमा बिजुली, पानी वितरण, शान्ति सुरक्षा, न्यायिक आयोगदेखि ऋण लिन सक्नेसम्मका अधिकार छन् । स्थानीयस्तरमा कर उठाउन सक्ने, वृद्धवृद्धा, अशक्तको हेरविचार, व्यापार, इलमको बढावा सबैको व्यवस्था यस ऐनमा छ । मजदुरको हकहित सुरक्षित गरी दिने अधिकार स्थानीय सरकारमा निहित छ ।

**क. पर्यटन**

विदेशी मुद्रा आर्जन गर्ने प्रचुर सम्भावना भएको क्षेत्र पर्यटन नै हो । धार्मिक गन्तव्यका साथै पर्यटकीयस्थलमा सबैको पहुँच बनाइनुपर्छ । गण्डकी प्रदेश आन्तरिकका साथै अन्तर्राष्ट्रिय यात्रुका लागि पनि सबैभन्दा आकर्षित स्थल हो । प्राकृतिक सम्पदाले भरिभराउ, गाउँबस्तीबाट नजिक हिमश्रृंखला, खोलानाला, जंगल, ऐतिहासिक धरोहर, धार्मिकस्थल र अन्य आकर्षणका केन्द्रहरू गण्डकी प्रदेशमा भरिभराउ छन् । त्यस्तै दक्ष पर्यटन जनशक्ति एवं पर्यटनका पूर्वाधार जस्तै होटल, रेस्टुरेन्ट, सहासिक क्रियाकलापहरू (बन्जी, क्यानोनिङ, जिपलाइन आदि) पनि बढ्दै गइरहेका छन् । गण्डकी प्रदेशको पर्यटन उद्योगलाई व्यवस्थित गरी ठूलो संख्यामा वाह्यका साथै आन्तरिक पर्यटक भित्र्याउने प्रचुर अवसर छन् ।

स्थानीय समुदायको सक्रिय सहभागितामा धेरै पर्यटकीयस्थल सञ्चालित छन् । यसको विकासमा जनस्तरबाटै सञ्चालित विभिन्न होमस्टे तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले महत्वपूर्ण भूमिका खेलेका छन् । स्थानीय जनसमुदायको सहभागितामा सञ्चालित यस्ता पर्यटनस्थलमा पैसा खर्च गर्न चाहने पर्यटकहरू पोखराबाट केही घण्टामै मोटरबाट पुग्न सक्छन् । पर्यटकको बसाइ लम्ब्याउन थप कार्यक्रमहरू ल्याउन जरूरी छ । मौलिकताका साथै विदेशी खानपिन सुविधाको रेस्टुरेन्ट, होटल तथा खोलानालामा साहसिक खेलकुद विकास गर्न अपरिहार्य भइसकेको छ । यसो गरेमा आम्दानीको थप बाटो खुल्नेछ ।

धेरै लामो पर्खाइपछि सञ्चालनमा आउने लागेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले पर्यटनलाई अझ टेवा दिनेछ । विशेषज्ञहरूका अनुसार निर्माणाधीन पोखरा विमानस्थलमा १५० सिट क्षमताका जेट विमान सञ्चालन गर्न सकिनेछ । सानो जहाजको उडान भएता पनि यो विमानस्थलले वर्षमा पचासौं लाख पर्यटक भित्र्याउन सक्ने क्षमता राख्छ । यस सम्भाव्यता महशुस गरी बुद्ध एयरले पोखरालाई दोस्रो हबका रूपमा स्थापित गर्ने लक्ष्यका साथ जहाजहरू थप्ने गृहकार्य अघि बढाएको छ । यस प्रदेशका पर्यटकीय स्थलहरूको विकास, सम्बर्द्धन र प्रचार प्रसारमा सबैको हातेमालो उत्तिकै आवश्यक छ । यसमा हामी सक्रिय सहभागी हुनेछौं ।

बुद्ध एयर पोखरालाई विभिन्न प्रदेशका सहरलाई सिधा जोड्न लागि परेको छ । आउँदा दिनमा सुगम रुटका सबै गन्तव्यलाई जोड्नेछ । सिधा उडानले यात्रुलाई सजिलो हुनुका साथै आन्तरिक पर्यटनमा ठूलो भूमिका खेल्नेछ । यात्रुको समय वचतका साथै खल्तीमा अतिरिक्त भार नपर्ने सुनिश्चित हुन्छ । आउँदा दिनमा वार्षिक चार करोड भारतीय पर्यटक संसार घुम्न निस्कने प्रक्षेपण गरिएको छ । यी पर्यटकलाई नेपालमा आकर्षित गर्न हामीले सक्नुपर्छ । पोखरालाई केन्द्रबिन्दुमा राखी सिमावर्ती सहरका विमानस्थल जस्तै भद्रपुर नजिकको बागडोगरा, जनकपुर नजिकको दरभंगा, भैरहवा नजिकको गोरखपुर, नेपालगञ्ज नजिकको लखनउ र उत्तराखण्ड नयाँदिल्ली नजिकको धनगढीबाट उनीहरूलाई सिधा भित्र्याउन सकिन्छ । यसले भारतीय पर्यटकहरू आफ्नो घर ठाउँबाट सजिलै आउजाउ गर्नुका साथै पैसा र समय पनि वचत हुनेछ । निर्माणाधीन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट बुद्ध एयरको सञ्चालनमा रहेको एटिआर-७२ विमानबाट दिल्ली र देहरादूनको सिधा उडान गरेर अन्तर्राष्ट्रिय यात्रु भित्र्याउने योजना छ । पोखरा आएका पर्यटक काठमाडौं लगायत देशका अन्य पर्यटकीय स्थलहरू लुम्बिनी, जनकपुर र इलाम लगायतमा पक्कै घुमफिर गर्नेछन् ।

**ख.कृषि**

अब हामीले विदेशी मुद्रा आर्जन गर्ने मात्र हैन आयात प्रतिस्थापन गरी विदेशी मुद्रा विदेसिनबाट रोक्नुपर्छ । उदाहरणका लागि हामी करिब तीन खर्बभन्दा बढीको खाद्यवस्तु आयात गर्छौं । वर्षको कुल धान उत्पादन करिब २ खर्ब ५० अर्बको हुन्छ जुन सरदरमा प्रति हेक्टर ३.८ टन हुन जान्छ । मुलुकमा धानको खपत मात्र ३ खर्बको छ र यो पूर्ति गर्न वर्षको ५० अर्बको धान-चामल विदेशबाट आयात गर्नुपर्छ । पूर्वी तराईमा हामीले धान व्यवस्थापन कार्यक्रम सञ्चालन गरिरहेका छौं । जहाँ हेक्टरको ७ टन धान उत्पादन हुने गरेको छ । सरदर उत्पादन ६ टन नै कायम गर्न सकेको खण्डमा हाम्रो देशको धान उत्पादन ३ खर्ब ९५ अर्बको हुनेछ र हामी कुल आयातकर्ताबाट करिब ९५ अर्बको धान-चामल निर्यातकर्ता बन्न सक्छौं ।

यस कार्यक्रमलाई मूर्त रूप दिन हामी बेलवारी-९ मोरङमा आरजू राईस मिल स्थापना गरी व्यवहारिक रूपमा उदाहरणीय काम देखाउन प्रयासरत छौं । किसानका माझमा बेलवारी नगरपालिका र कानेपोखरी गाउँपालिकालाई आधार मानेर धान खेतीलाई व्यावसायीकरण र सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने कार्यक्रम अघि बढाएका छौं । धानखेती यान्त्रीकरण र त्यसपछि सार्थक व्यवसायीकरण गर्दा उत्पादन मनग्गै बढ्नुका साथै उत्पादन खर्च पनि स्वत: घट्नेछ । धान खेतीलाई असारमा मात्र सिमित नराखी चैतमा पनि नियमित उब्जनी गर्ने कार्यक्रम बनाएका छौं । पानी पर्याप्त हुने खेतमा धान, अनि फेरि धान र त्यसपछि तोरी या मकैवाली व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाएका छौं । मकैको दाउनी, सफाइ, सुकाइ र भण्डारण व्यवस्थापनका सबै प्रक्रिया आरजु राइस मिलमा मिलाएको छौं । आरजु राइस मिलले वर्षको २० हजार टन धान र १६ हजार टन दाना उत्पादन पनि गर्नेछ ।

हामी यस उद्यमशीलतालाई स्थानीय समुदायको समग्र र समानुपातिक आर्थिक उन्नती हुने नमूना बनाउन अग्रसर छौं । देशभर धान र अन्य मौसममा हुने उत्पादन, त्यसको प्रशोधन र बजार व्यवस्थापन गरी उपभोक्तालाई सुलभ मूल्यमा उपलब्ध गराउने व्यवस्था गर्दैछौं । धान, मकै, तोरी उत्पादन भएको पराल र खोष्टा दाउनी गर्ने यन्त्रले नै टुक्रा-टुक्रा पारी जैविक तत्व मिसाएर मल खेतमै उत्पादन गर्ने प्रक्रिया पनि पहिचान गरिसकेका छौं । यसबाट रासायनिक मलको आयातमा कमी र विदेशी मुद्रा सञ्चितीमा मद्दत हुनेछ । यस कार्यक्रममा स्थानीय समुदायको बढी भन्दा बढी संलग्नता र स्वामित्व बनाउन स्थानीय सरकारलाई पनि संलग्न गराउने छौं ।

यस कार्यक्रमबाट सिर्जना हुने पूरक उद्यम, व्यवशाय र रोजगारीलाई स्थानीय सरकारले चित्रण गरी अझ संस्थागत र दिगो बनाउने छ । पशुपंक्षी, माछा, दूधको व्यवसाय त्यसको प्रशोधन व्यवस्थापन आदि यसको पूरक हुनेछ । स्थानीयस्तर जनसमुदाय र सरकारको माझमा दसौं करोडको यस्तो व्यवसायले यस ठाउँमा आर्थिक उन्नतीको यात्रा सुरू हुनेछ र यसको सफलतासँगै अन्य क्षेत्रमा पनि यसको देखासिकी हुनेछ ।

**ग. इन्धन/ऊर्जा**

देशको सबैभन्दा ठूलो खर्च नेपाल आयल निगमको पेट्रोलियम आयात नै हो । आव २०७७/७८ मा २१४ अर्बभन्दा बढी मूल्यको पेट्रोलियम आयात भएको छ । त्यस्तै राष्ट्रको सबैभन्दा ठूलो कर/आम्दानी पनि पेट्रोलियम बिक्रीमा लाग्ने विभिन्न प्रकारका कर नै हो । सोही आर्थिक वर्ष सय अर्ब भन्दा बढीको राजस्व आयल निगमले सरकारलाई बुझाएको छ । मेरो विचारमा अब नेपाल आयल निगमलाई सातै प्रदेश मातहत राखिनुपर्छ । हरेक प्रदेशलाई उठ्ने करको प्रतिशतमा केही हिस्सा सहभागी पनि हुनुपर्छ । साथै यसको व्यवस्थापन र उठेको कर पारदर्शीका साथ सबैको जानकारीमा आउनुपर्छ ।

स्थानीय स्तरमा गुणस्तरीय प्रसारण लाईन र बिजुलीको व्यापक प्रयोगले त्यस भेगका बासिन्दाको जीवनस्तर पक्कै पनि उकासिने छ । पायक मूल्यमा बिजुली चुलालाई व्यापक बनाइनुपर्छ । यसले केही मात्रामा एलपी ग्यास विस्थापित गर्न सहयोग पुऱ्याउन सक्छ । हाल समग्र एलपी ग्यास बिक्री मूल्यमा अनुदान दिएर नेपाल आयल निगमले ठूलो घाटा बेहोरिरहेको छ । भारतको सिमाभन्दा सस्तो भएकाले ठूलो मात्रामा चोरी निकासी पनि भइरहेको छ । भारतमा जस्तै निम्न आयका घरपरिवारलाई आवश्यकताअनुसार ग्याँसमा अनुदान स्थानीय सरकार मार्फत उपलब्ध गराउनुपर्छ ।

हरेक वडाले हरेक घरधुरीको तथ्यांक राखेर निम्न आय भएका घरधुरीलाई कति मात्रामा अनुदानको ग्यास महिनाको आवश्यकता पर्छ । त्यति उपलब्ध गराउने साथै बिजुलीबाट चुलो चलाउने व्यवस्था गर्ने प्रोत्साहन र सहुलियत गरेको खण्डमा ग्यासको खपत तुरुन्तै घट्ने थियो । अनि अन्य आवश्यक ग्यास फाइदामा बिक्री गर्न थालेको खण्डमा पनि तुरुन्तै ग्यासको खपत घट्ने थियो । होटल, रेस्टुरेन्ट तथा राम्रो आय भएकालाई विना अनुदानको ग्यास बिक्री वितरण गरिनुपर्छ । अब सबै प्रादेशिक सरकार र स्थानीय सरकारले विद्युत प्रसारणलाई स्थानीय अधिकारका रुपमा स्थापित गर्न पहल गर्नुपर्छ ।

वास्तवमा विद्युत प्रसारण स्थानीय सरकारको अधिकार भनेर स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद-३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा उल्लेख छ । यस परिच्छेदको 'ग' बुँदामा उल्लेखित विद्युत, खानेपानी तथा सिँचाइजस्ता सेवाहरूको अधिकारलाई स्थानीय स्तरमा लागू गरिनुपर्छ । विद्युत महशुल स्थानीय सरकारले उठाउन पाएको खण्डमा चुहावट त रोकिने नै थियो, स्थानीय समुदायको सहमतिमा आवश्यकताअनुसार प्रगतिशील कर उठाई धनी गरिबको भिन्नता कम गर्ने अनेक अनुदानयुक्त कार्यक्रमहरू सञ्चालन गर्न सकिन्थ्यो ।

सीमानजिक व्यापक मात्रामा इन्धनको कालोबजारी भइरहेको छ । सीमापारीबाट आउने सयौं गाडीहरूले प्रचुर मात्रामा इन्धन लुकाएर लाने गरेका समाचार बारम्बार आइरहेका छन् । भारतसँग इन्धन डलरमा खरिद गर्नुपर्छ । कालोबजारी हुँदा आयल निगमले निकै नोक्सानी खेप्नु परेको छ । भारतको सिमावर्ती क्षेत्र र हाम्रो देशको इन्धन मूल्यमा लिटरको ४० रूपैयाँसम्म फरक छ । एउटा मोटसाइकल पूरा ट्यांकी भरेर सीमापारी बेच्दा उत्तिखेर ६०० रूपैयाँ आम्दानी गर्छ । यो वर्षौंदेखि चलिआएको छ ।

सीसिमावर्ती क्षेत्रमा यो ठूलो कारोबारका रूपमा स्थापित भएको छ । त्यसैकारण इन्धनको मूल्य (एलपी ग्याससहितको) भारतीय सीमाभन्दा १ रूपैयाँ महँगो हुनुपर्छ । त्यसबाट तुरुन्तै अर्बौं रूपैयाँ बराबरको विदेशी मुद्राको बचत हुनेछ । अन्त्यमा जबजब परिस्थिति बियोलिन्छ, तबतब उपायका ढोका पनि खुल्दै जान्छन् ।

अब हामी पनि सिर्जनशील भएर हिजोभन्दा माथि उठेर प्रभावकारी कदम चाल्नुपर्छ । आज रूसले युक्रेनमाथि आक्रमण गर्दा इन्धन आकासिएको मूल्य र त्यसले सिर्जना गर्न लागेको ठूलो उथुलपुथलमा हाम्रो दीर्घकालीन समस्यालाई सही बाटोमा ल्याएर व्यवस्थापकीय कुशलता देखाउन सकेमा दिगो आर्थिक विकासमा सजिलै ठूलो फड्को मार्न सक्छौं ।

*(लेखक बुद्ध एयरका प्रबन्ध निर्देशक हुन् ।)*

*- साभार: सेतोपाटी*

# 'यी चारथरी सपना मानिसले भुल्न सक्दैनन्'



निदाएपछि सबैले सपना देख्छन् । हामीले जुन सपना देख्छौं, त्यो हाम्रो वरिपरिकै घटना हुन्छन् भनिन्छ । उदाहरणका लागि, हाम्रा छरछिमेक, कामधन्दा र वातावरणले जुन प्रभाव पार्छ, त्यही हामीले सुतेका बेला सपनाका रुपमा देख्छौं ।

तर क्यालिफोर्नियास्थित बर्कले विश्वविद्यालयका द ग्र्याजुएट युनियन अफ थियोलजीका अतिथि स्कलर तथा सपना खोजकर्ता केली बलुकेलाई तपाईंले सामान्यतया: देख्ने गरेका सपनामा कुनै चासो छैन । उनलाई त देखिएका सपना जो बिहान पनि तपाईंलाई ताजै स्मरणमा रहन्छन्, ती सपनाप्रति चासो छ । हुन पनि उनलाई सानैदेखि हामीले धेरै सपना बिर्सन्छौं तर किन केही निश्चित सपना भने स्मरणमा रहिरहन्छन् भनी सोच्थिन् । त्यसैले उनले आफ्नो शोधको विषय पनि यसैलाई बनाइन् । बिबिसीसँगको कुराकानीमा उनले भनिन्, 'सानैदेखि मलाई सपनाले विस्मित तुल्याउँथे । मैले ठूलो भएपछि तिनै सपनामाथि शोध गर्ने विचार गरेँ ।

र, मैले हामीले देख्ने सपनामध्ये पनि किन केही विशेष किसिमका सपना मात्र याद रहन्छ भनी शोध गरेँ ।' बलुके जसै युवावस्थामा प्रवेश गरिन्, उनलाई बारम्बार केही सपना दोहोरिन थाल्यो । आखिर किन यस्तो हुन्छ भनेर शोध गर्न तिनै दोहोरिइरहने सपनाले प्रेरित गरे । यसपछि त सपनाको संसारमा हुने गरेका सबै कुरा जान्ने हठ नै गर्न थालिन् । यसपछि उनले संसारभरिका स्वप्नजीवीहरुका सपनाका प्रकार, तिनको स्मरणजस्ता कुराहरु केही वर्षभित्रै डाटाबेस तयार पारिन् । उनले अमेरिका, बेलायत र संसारभरिका मानिसहरुको सपनाको डाटाबेस भेला पारिन् । भेला भएका तथ्यांकहरुको आँकडा अध्ययनपछि निष्कर्ष निकालिन्, वास्तवमा मानिसले चार किसिमका सपना बिहान हुञ्जेलसम्म बिर्सदैनन् । उनले ती नबिर्सने किसिमका सपनालाई 'ठूला सपना' (बिग ड्रिम) भनी नामकरण गरिन् । बुलेकका अनुसार यी चार सपना मानिसले कहिल्यै बिर्सदैनन् । ती सपना र त्यसको अर्थका बारेमा पनि उनले पत्ता लगाएको दाबी गर्छिन् ।


१. तल झर्नु: अग्लो ठाउँबाट तल झर्ने सपना मानिसले बारम्बार देख्ने गर्छन् । हावामा उड्ने तुलनामा यो निकै बढी हुन्छ । तल झर्नेबित्तिकै झस्याङ्ग हुने र कोही त निद्राबाटै ब्युँझने पनि गर्छन्।
२. यौनिकताको अनुभूति: अध्ययनअनुसार सपनामा कसैसित यौन सम्बन्ध राखेको खण्डमा बिहान चाँडै बिर्सिइन्न । विशेषगरी यौन सम्बन्ध राखेको सपना पुरुषले बढी देख्ने गर्छन् र महिलाले निकै कम । (अध्ययनमा सामेल भएका ८५ प्रतिशत पुरुष र ५८ प्रतिशत महिलाले यस किसिमको सपना देख्ने गरेको स्वीकारेका थिए ।)
३. विद्यालय, विद्यालयका शिक्षक र पठनक्रिया: निकै कम विद्यालय जाने अनुभव भएका व्यक्तिहरुले सपनामा विद्यालय, विद्यालयका शिक्षक र पठनपाठन अथवा विद्यालयको भवन वरिपरिको वातावरण सपनामा देख्ने गरेका छन् । वास्तवमा यो सपना त मानिसले कैयौं वर्षसम्म स्मरणमा राखिरहेको पाइएको छ ।
४. कसैको आक्रमण, कसैले दिएको दु:ख आदि: डरलाग्दा सपना प्राय: बालबालिकाले देख्ने गर्छन् । यस्ता डरलाग्दा सपना उनीहरुले जीवनभर बिर्सदैनन् ।

बुलेकका अनुसार, सपना देख्ने कुरा नितान्त निजी र व्यक्तिगत अनुभव हो तापनि संसारभरिका मानिसले सपना देख्ने तौरतरिका लगभग उस्तै नै हुन्छ । उनी भन्छिन्, 'तपाईं-हामी मात्र होइन, हजारौं वर्षदेखि मानिसले सपना देख्दै आइरहेको छ । बेग्लाबेग्लै संस्कृति र बेग्लाबेग्लै परिवेशमा रहिबसिआएका मानिस, बेग्लाबेग्लै इतिहास र कालखण्डमा मानिसले सपना देख्ने गरेका छन् । देखिएका सपनाका आधारमा राम्रो हुने आशा र नराम्रो घटना घट्ने आशंका मानिसमा पहिल्यैदेखि रहँदै आएको छ र यस किसिमको अपेक्षाले अहिलेसम्म मानिसलाई छाडेको छैन ।' बुलेकका अनुसार, सपना देख्ने अधिकांश मानिसले खराब सपना देख्यो भने वास्तविकतामा पनि नराम्रो नै हुने सम्भावना बढी हुन्छ । उनी भन्छिन्, 'सपना देख्ने कारण बेग्लाबेग्लै हुन सक्छ तर मानिसका रुपमा महसुस गरिने अनुभव भने एकै किसिमको हुन्छ ।'

-साभार: स्वास्थ्यखबर

# १५ करोडमा खुलेको क्लब टेन-एक्स, परिवारका लागि बेग्लै ठाउँ





काठमाडौं/क्लब रात्रि व्यवसायमध्ये पछिल्लो पुस्ता हो । पहिले पप र लाइभ ब्यान्डहरू थिए । बिस्तारै नयाँ डिजाइनमा क्लबहरू खुल्न थाले । विदेशी क्लबका डिजाइन र सुविधालाई आधार मानेर काठमाडौंमा पनि ठूला लगानीमा क्लब खुलिरहेका छन् ।

दिनभरिको कामको थकान संगीतबाट मेटाउन साँझ मानिसहरू क्लब पुग्छन् । यस्तै मानिसलाई लक्षित गर्दै कोरोना महामारी सुरू हुनेताका ठमेलमा खुलेको क्लब हो 'क्लब टेन-एक्स'। यो क्लब नवराज लामिछानेसहित पाँच जनाको संयुक्त लगानीमा सञ्चालनमा आएको हो । क्लब चलाउन उनीहरूले १५ करोड रूपैयाँ लगानी गरेका छन् ।

'सफ्ट ओपनिङ गरेर केही महिनाअघि मात्रै खोलेका छौं । नयाँ वर्षमा ग्रान्ड ओपनिङ गर्छौं,' क्लबका सञ्चालक नवराजले भने । जेड स्ट्रिट रोड, होटल वैशाली नजिकै रहेको क्लबले तीन तले घर ओगटेको छ । पहिलो तलामा बार र डान्स-फ्लोर छ । दोस्रो र तेस्रो तलामा ग्राहकहरू सोफामा बसेर सेवा लिने सुविधा छ ।

करिब ६५०० स्क्वायर फिटमा क्षेत्रफलमा फैलिएको क्लबमा एक दिनमा तीन हजार जनासम्मले सेवा लिन सक्ने नवराजले जानकारी दिए । एक पटकमा पाँच सय जना सुविधाजनक ढंगले रमाउन सक्छन् । अन्य क्लबभन्दा टेन-एक्स भिन्न प्रकारले सञ्चालनमा ल्याएको उनको भनाइ छ । उनका अनुसार क्लब टेन-एक्स ग्राहकले मनोरञ्जन गर्ने ठाउँ त हुँदै हो, यहाँ परिवार नै आएर मनोरञ्जन गर्ने सुविधा पनि छ । 'क्लब भनेपछि आममानिसको धारणा राम्रो छैन, कतिलाई न नराम्रो व्यवसाय भन्ने परेको छ,' नवराज भन्छन्, 'हामीले त परिवार नै आउन मिल्ने बनाएका छौं । परिवारका लागि छुट्टै ठाउँ छ ।'

ग्राहकलाई व्यवसायीका अभिभावक मान्छन् नवराज । क्लब भनेको के हो भनेर अभिभावकलाई बुझाउन जरूरी रहेको उनको बुझाइ छ । भन्छन्, 'परिवारका सबै जना एकै ठाउँमा बसेर मनोरञ्जन गर्ने क्लब पनि हुनु पर्छ, हाम्रो क्लबमा यस्तो सुविधा छ ।' यहाँ परिवारका लागि लाइभ ब्यान्ड राखिएको छ । क्लब टेन-एक्स साँझ ६ बजेदेखि बिहान ४ बजेसम्म खुला रहन्छ । साँझ ७ बजेदेखि राति ११ बजेसम्म लाइभ ब्यान्ड हुन्छ । यसपछि बिहान ४ बजेसम्म डिजे घन्किन्छ । क्लबभित्र नाच्ने मात्र नभएर परिवारै बसेर विभिन्न परिकार खाने सुविधा छ । भान्सामा पाँचतारे होटलमा काम गरेका अनुभवी सेफ छन् । क्लबभित्र छिर्न गेटमै टिकट काट्ने प्रणाली छ ।

'चिनजानका र व्यवहार राम्रो भएकालाई टिकट लिन लगाउँदैनौं । टिकट हाम्रो नाफाको स्रोत होइन,' नवराज भन्छन्, 'झैझगडा गर्ने नराम्रा मान्छे नआऊन् भनेर टिकट राखिएको हो ।' क्लबमा आउने ग्राहकको सुरक्षाका लागि १५ जना बाउन्सर (सुरक्षाकर्मी) राखिएका छन् । क्लबभित्र झगडा हुन नदिन र भइहाले तुरून्तै नियन्त्रण गर्न बाउन्सर चनाखा भएर बसेका हुन्छन् । क्लब परिसरमा जडान गरिएका ६० वटा सिसी क्यामराबाट सबै गतिविधिको निगरानी हुन्छ ।

'पहिले क्लब भनेको झगडा हुने, बाउन्सरले पिट्ने, सुरक्षा नहुने ठाउँ भन्ने धारणा थियो,' उनी भन्छन्, 'अहिले त्यस्तो छैन । हामी प्रहरी प्रशासनसँग समन्वय गरिरहेका हुन्छौं ।' प्रशासनबाट राम्रो सहयोग पाएको उनले बताए । कुनै समस्या परे सूचना दिएको १५ मिनेटभित्रै प्रहरी टोली पुग्छ । रातको समयमा बाटो खाली हुने भएकाले प्रहरीले तुरुन्तै सेवा दिन सक्छ । नवराजका अनुसार क्लब सञ्चालन गर्न निकै चुनौतीपूर्ण हुन्छ । ग्राहकले जति झगडा गरे पनि नरम भएर सम्झाउनु पर्छ र नियन्त्रण गर्नुपर्छ । ग्राहकसँग गर्नु पर्ने असल व्यवहार र उनीहरूको सुरक्षाबारे आफ्ना कर्मचारीलाई दैनिक 'ब्रिफिङ' दिने गरेको उनी बताउँछन् । नुवाकोट घर भएका नवराजको व्यावसायिक यात्रा १२ वर्षअघि सुरू भएको हो ।

२०५६ सालमा १४ वर्षको उमेरमा उनी पढाइका लागि काठमाडौं छिरेका थिए । दाजुहरू ठमेलमा गार्मेन्ट पसल चलाउँथे । उनी दाजुहरूसँगै बस्न थाले । एसएलसी दिएपछि विदेश जान प्रयास गरे । विभिन्न कारणले प्रयास सफल भएन । ठमेलमै आफन्तको गार्मेन्ट पसलमा काम गर्न थाले ।

आफ्नै दाजुहरूले चलाएको गार्मेन्टमा किन काम नगरेको ? उनलाई धेरैले सोध्छन् । नवराज हाँस्दै भन्छन्, 'आफ्नोमा काम गर्दा दाइहरूले किचकिच गर्ने क्या!' ठमेलमा काम थालेपछि उनी कहिलेकाहीँ दाइहरूसँग क्लब जान थाले । क्लबको पहिलो दिन स्मरण गर्दै नवराजले भने, 'त्यहाँभित्र छिर्दा बत्ती नै बत्ती थियो, त्यति धेरै बत्ती मैले पहिलो पटक देखेँ ।' कहिलेकाहीँ जाँदाजाँदै लत बस्यो । साथीहरूसँग हप्तामा तीन-चार पटक नै जान थाले । नवराजका अनुसार पहिला क्लब जान उमेर तोकिएको थिएन । सबै उमेरका जान पाउँथे । क्लबमा दिउँसो र राति पार्टी हुन्थ्यो । त्यो बेला उनी २२ वर्षका भए । उमेर कम हुँदा दिउँसोका पार्टी जान्थे, उमेर बढ्दै गएपछि नाइट पार्टीमा रमाए ।

क्लबमा रमाउन जाँदाजाँदै उनको मन त्यतैतिर तानियो । त्यही बेला ठमेलमा क्लब चलाइरहेका एक जनाले आफ्नो क्लबमा साझेदार बन्न नवराजलाई निम्तो दिए । कुरा सन् २००९ तिरको हो । त्यो समय सम्झिँदै उनले भने, 'त्यतिखेर १५ लाख रूपैयाँ घरबाटै मागेँ । धेरै लगानी अरू दाइहरूको थियो । मलाई पाँच प्रतिशत सेयर दिएका थिए ।' एक वर्षमै उनले क्लबको सम्पूर्ण व्यवस्थापनको जिम्मा लिए अनि नौ वर्षसम्म चलाए ।

आफू क्लबमा ग्राहक भएर जाँदा र आफैं सञ्चालक हुँदाको भिन्नता अनुभव गरे । 'सबै कर्मचारीलाई मिलाउनु पर्‍यो, आदरका साथ पाहुनाको स्वागत र बिदाइ गर्नु पर्‍यो,' उनले भने, 'कहिलेकाहीँ धेरै झगडा हुन्थ्यो । त्यो देख्दा त बेकार लगानी गरेँ जस्तो पनि लाग्थ्यो ।' क्लबमा ग्राहकलाई रिझाउनु सबैभन्दा चुनौतीको काम लाग्छ उनलाई ।

चिनजानका ग्राहक आउँदा सजिलो हुन्छ । नचिनेकाहरू आउँदा झगडा हुने हो कि भन्ने शंका भइरहन्छ । 'जस्तो व्यवहार गरे पनि ग्राहकलाई गाली गर्नु भएन, रिझाउनै पर्‍यो,' नवराज भन्छन्, 'पहिले पहिले झगडा पर्दा एक पटक मेरो हात नै भाँचिएको छ । दुई-तीन पटक टाउकै पनि फुटेको छ ।'

क्लब चलाउँदा दिनदिनै तनाव भएपछि नवराजलाई दिक्क नलागेको पनि होइन । तर आफू त्यसमै संलग्न भएकाले अरू विकल्प पनि भएन । उनी भन्छन्, 'बाहिर जाऊँ भने पनि अब कहाँ जानु' गए पनि भाँडै माझ्ने हो । अर्को काम सुरू गरौं भने अनुभव छैन ।' उनले गार्मेन्ट चलाउने कुरा पनि सोचेका थिए । तर लकडाउनले उद्योगहरू बन्द भएको देखेपछि त्यसमा पनि आँट्न सकेनन् । उनले भने, 'नजानेको व्यवसायमा लागेर तनावमा बस्नुभन्दा त क्लबमा टेन्सन भए पनि मनोरञ्जन छ । यसमै रमाउँदैछु ।'

आफू पनि रमाउने, अरूलाई पनि मनोरञ्जन दिन सकिने भएकाले आफैं नयाँ क्लब खोल्न आकर्षित भएको उनको भनाइ छ । क्लब टेन-एक्स विशेष गरी विदेशी पर्यटकका लागि खोलिएको हो । तर पछिल्ला दिनमा स्वदेशी ग्राहक बढी आउने गरेको नवराजको अनुभव छ । उनी भन्छन्, 'स्वदेशी र विदेशी ग्राहकको रोचक व्यवहार हुन्छ । स्वदेशी ग्राहकले विदेशी मदिरा र विदेशीले नेपाली मदिरा खान्छन् ।'

क्लबमा प्रतिस्पर्धा पनि चर्को छ । कसले कस्ताकस्ता उपकरण जडान गरेको छ र कसले कुन कलाकार ल्याउन सक्छ भन्ने प्रतिस्पर्धा चल्छ । ग्राहक तान्न बाहिरबाट डिजे र कलाकार ल्याउने प्रतिस्पर्धा भइरहेको उनले बताए । क्लब पर्यटन व्यवसाय भए पनि सरकारले यसलाई पर्यटनको नजरमा नहेरेको उनको गुनासो छ । -साभार: सेतोपाटी

# बेनिशाको "प्रेमगन्ज"ले तोक्यो प्रदर्शन मिति




काठमाण्डौ/कोरोना महामारीको समयमा छायांकन भएको फिल्म 'प्रेमगन्ज'ले प्रदर्शन मिति घोषणा गरेको छ । नेपाली फिल्म क्षेत्रका विभिन्न व्यक्तिहरुको शुभकामनासहितको एक भिडियो सार्वजनिक गर्दै निर्माण टिमले आउँदो भदौ ३ गतेलाई प्रदर्शन मिति घोषणा गरेको हो । भिडियोमा नीर शाह, विकासराज आचार्य, छबी ओझा, दिपेन्द्र के खनालगायतले फिल्मलाई शुभकामना दिएका छन् । परिक्षेद सेनको निर्देशनमा तयार भएको फिल्ममा तेज गिरी, बेनिशा हमाल, सम्पदा बानियाँ पबन भट्टराई, सुप्रिया खनाल, राइडर प्रशान्त, सिमरन खड्का, नरेश पौडेल, रश्मी भट्ट, सञ्जोग रसाइली, गीता अधिकारीलगायतका कलाकारहरुको अभिनय रहेको छ । तेजले यही फिल्मबाट नायकको रुपमा डेब्यू गर्दैछन् । पेशाले बैंकर रहेका उनी फिल्मलाई लिएर आशावादी देखिएका छन् ।

स्पट ब्वाईको रुपमा लामो समय काम गर्दै आएका राजु फुँयालको प्रस्तुति रहेको फिल्म चलचित्र चौतारीको ब्यानरमा बनेको हो । फिल्मको कार्यकारी निर्माता अनन्तमान श्रेष्ठ हुन् । सञ्जय लामाको छायांकन रहेको फिल्म डेढ करोडको लगानीमा निर्माण भएको जानकारी प्राप्त छ । यसअघि भ्यालेन्टाइनको दिन निर्माण टिमले बेनिशा हमालको क्यारेक्टर पोस्टर सार्वजनिक गरेको थियो । *-साभार: फिल्मीखबर*

# न्यु डायमन्ड र पुलिस समूह विजेता

दमक- होङ्गान्जी न्यु डायमन्ड स्पोर्ट्स क्लब र विभागीय नेपाल पुलिस क्लब समूह विजेतो बन्दै प्रथम दमक कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् । डायमन्ड समूह 'बी' बाट तथा पुलिस समूह 'ए' को विजेता बन्दै अन्तिम चारमा पुग्न सफल भएको हो ।

झापा दमकको पसुहाटमा आइतबार भएको समूह चरणको अन्तिम खेलमा डायमन्डले आयोजक दमक भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै समूह विजेता बनेको हो । एकपक्षीय खेलमा डायमन्डले दमकमाथि २५-८, २५-९ र २५-१२ को एकपक्षीय जित निकाल्न सफल भयो ।

जितसँगै डायमन्डले दुई खेलबाट ५ अंक जोड्यो । त्रिभुवन आर्मी क्लब दुई खेलबाट ४ अंक जोड्दै समूह उपविजेता बन्यो । दुवै खेलमा हार बेहोरेको दमक अंकविहीन हुँदै बाहिरियो । अर्को खेलमा समूह विजेता बन्ने क्रममा पुलिस क्लबले प्रदेश १ लाई ३-० को सोझो सेटमा हराउन सफल भयो । पुलिसले प्रदेश १ माथि २५-४, २५-८ र २५-१५ को सोझो सेटमा जित निकाल्न सफल भयो । पुलिसले समुह 'ए' मा दुई खेलबाट ६ अंक जोड्यो ।

समूह उपविजेता बनेको नेपाल एपिएफ क्लबले ३ अंक जोड्यो । अंकविहीन हुँदै प्रदेश १ समूह चरणबाटै बाहिरिएको छ । त्यसअघि आइतबारै आर्मीले दमकमाथि २५-९, २५-१५ र २५-९ को सोझो सेटमा जित निकाल्दै सेमिफाइनलमा स्थान बनाएको थियो ।

अर्को खेलमा एपिएफले प्रदेश १ माथि २५-११, २५-१० र २५-१२ को सोझो सेटमा जित निकाल्दै सेमिफाइनलमा स्थान पक्का गरेको थियो । अब सोमबार हुने सेमिफाइनलमा समूह 'ए' को विजेता पुलिस र समूह 'बी' को विजेता आर्मी तथा समूह 'बी' को विजेता डायमन्ड तथा समूह 'ए' को उपविजेता एपिएफबीच प्रतिस्पर्धा हुनेछ । दमक भलिबल संघले ११२औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजना महिला राष्ट्रिय भलिबल प्रतियोगितामा ६ टोलीको सहभागिता रहेको छ ।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा एपिएफसँगै पुलिस र प्रदेश १ तथा समूह 'बी' मा आर्मी, अमक भलिबल क्लब र न्यू डायमन्ड स्पोर्ट्स क्लब रहेका छन् । हरेक समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । फाइनल २४ फागुनमा हुनेछ ।

प्रतियोगिताको विजेता २ लाख रुपैयाँसँग ट्रफी हात पार्नेछ । दोस्रो हुने टोलीले १ लाख प्राप्त गर्नेछ । सात्वना टोलीलाई समान १५ हजार रुपैया प्रदान गरिनेछ ।

विधागततर्फ सर्वोत्कृष्ट खेलाडीले १० हजार रुपैया प्रदान गरिने आयोजकले जनाएको छ । यस्तै व्यक्तिगतविधातर्फ स्पाइकर, ब्लकर, सेटर, सर्भर, डिफेन्डरले समान ५ हजार प्राप्त गर्नेछन् ।

*- साभार: हाम्रो खेलकुद*

# रुस-युक्रेन युद्धले नेपालमा खाने तेलको मूल्य बढ्यो

काठमाडौं-रुस र युक्रेन बीचको तनावले नेपालमा खाने तेलको मूल्य ह्वात्तै बढेको छ । स्थानीय बजारमा विशेष गरेर सन्फ्लावर (सूर्यमुखी) र सोयाबिन (भटमास) तेलको मूल्य पछिल्लो एक सातामा ह्वात्तै बढेको हो ।

अन्तर्राष्ट्रिय बजारमा तेलका लागि आवश्यक पर्ने कच्चा पदार्थको मूल्य बढेको कारण पनि तेल उद्योगीले मूल्य बढाएका हुन् । नेपाल खुद्रा व्यापार संघका पूर्वअध्यक्ष पवित्रकुमार बज्राचार्यले अहिले युद्धको असरले खाने तेलको कच्चा पदार्थका आपुर्तीमा अवरोध हुँदा अभाव भएकोले मूल्य बढेको बताए ।

उनले दैनिक रुपमा प्रयोग हुने खाने तेल त्यसमा पनि सन्फ्लावर तेल प्रतिलिटर २ सय ४० मा खुद्राँ विक्रि गर्दै आएकोमा हाल २ सय ८० रुपैयाँसम्म पुगेको बताए । यस्तै, सोयाबिन तेल प्रतिलिटर २ सय ३० मा विक्री गर्दै आएकोमा २ सय ७० रुपैयाँसम्म पुगेको छ । उनले मूल्य बढेपनि सरकारी निकायहरुले अनुगमनमा चासो नदेखाएको गुनासो गरे । उनले रुसले युक्रेनमाथि आक्रमण गर्नुपूर्व नै दाल, चामल लगायत सबै खाद्यान्नको १० प्रतिशतको दरले मूल्यवद्धि भइ सकेको समेत बताए ।

संघका पूर्वअध्यक्ष पवित्रकुमार बज्रचार्यले हाल खाने तेल लगायत खाद्यान्नमा भएको मूल्यवृद्धिको समस्या समाधान गर्न सरकारका निकायले छलफल अगाडी बढाउन आवश्यक रहेको औंल्याए । उनले हालको अवस्थालाई सहज बनाउन व्यापारी, उद्योगी, व्यवसायी लगायत सबै सम्बन्धीत निकायसँग तत्काल छलफल अगाडी नबढाए मूल्य थप चुलिदै जाने बताए ।

रुसले युक्रेनमाथि आक्रमण गरेसँगै बजारमा खाने तेल अभाव हुने भन्दै व्यापारीहरुले बजारमा कृत्रिम अभाव सृजना गराएको, मूल्यवृद्धि गरेको उपभोक्ताको आरोप छ । नेपालले युक्रेन, रसिया र अर्जेन्टिनाबाट कच्चा तेल आयात गरी रिफाइन गरेर नेपाली बजार र भारतमा निर्यात गर्दै आएको छ ।

भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो ७ महिनामा युक्रेनबाट ९ अर्ब ५१ करोड ६३ लाख रुपैयाँको कच्चा तेल आयात भएको छ । यस्तै रसियाबाट २ अर्ब ५८ करोड ७५ लाख र अर्जेन्टिनाबाट २६ करोड ५१ लाख रुपैयाँ बराबरको आयात भएको छ।

-साभार: इकागज

# कम्युनिष्ट नेता बर्माको निधन



काठमाडौं/कम्युनिष्ट नेता कृष्णराज बर्माको निधन भएको छ । ह्याम्स अस्पतालमा आइतबार साँझ बर्माको निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

छातीमा समस्या देखिएपछि अस्पताल भर्ना भएका बर्मालाई निमोनिया भएको थियो । ९३ वर्षीय बर्माको आईसीयूमा उपचार भइरहेको थियो । बर्माको आइतबार नै पशुपति आर्यघाटमा अन्त्येष्टि गर्ने तयारी भइरहेको छ ।

००७ सालको राणा विरोधी आन्दोलनमा सहभागी जनाएका बर्मा पुराना कम्युनिष्ट नेता हुन् । पञ्चायत अन्त्य गर्ने २०४६ सालको जनआन्दोलनमा बर्मा नेतृत्वको नेकपा वाम मोर्चाका एक घटक दल सहभागी भएको थियो । -अनलाईनखबरबाट

# उच्चस्तरीय राष्ट्रियि सुरक्षा तालमि सुरु



काठमाडौं/रक्षा मन्त्रालय र नेपाली सेनाले संयुक्त रुपमा सञ्चालन गरेको उच्चस्तरीय राष्ट्रिय सुरक्षा तालिम उद्घाटन गरिएको छ । आइतबार शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा रक्षा सचिव किरणराज शर्माले तालिमको शुभारम्भ गरेका हुन् ।

सो समारोहमा बोल्दै शर्माले राष्ट्रिय सुरक्षा, राष्ट्र निर्माण र बृहत्तर राष्ट्रिय हितका आयामहरूबारे ज्ञान र बुझाई आदानप्रदान गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताए । यस प्रकारको उच्च तहको तालिमले राष्ट्रिय रणनीतिक योजना तथा नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने तथा राष्ट्रिय सुरक्षाका लागि जनता र सुरक्षासँग सम्बन्धित निकायहरूबीचको समझदारी अभिवृद्धि गर्ने पनि उनले विश्वास व्यक्त गरे ।

आगामी चैत्र ११ गतेसम्म सञ्चालन हुने तालिममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, विभिन्न मन्त्रालय एवं नेपाल रेडक्रसका वरिष्ठ अधिकारीहरु र संचारकर्मीहरु गरी जम्मा २७ जनाको सहभागिता रहेको सेनाले जनाएको छ । - रातोपाटीबाट

# दमौलीमा आगलागी



काठमाडौं/तनहुँको दमौली चोकमा आगलागी भएको छ । दमौली बजारको एक हार्डवेयर गोदाममा बिहान १० बजेदेखि आगलागी भएको हो । आगो अनियन्त्रित भएपछि बजारवासी त्रसित छन् ।

तनहुँका प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालले आगो निभाउने प्रयास जारी रहेको बताए । उनका अनुसार अहिलेसम्म मानवीय क्षति भएको जानकारी छैन । स्थानीय स्तरबाट आगो निभाउन नसकेपछि गृह मन्त्रालयले सिम्रिक एयरसँग सहयोग मागेको छ । सिम्रिक एयरको हेलिकप्टर पानी लिएर काठमाडौंबाट दमौली प्रस्थान गरेको छ ।

**बाटो साँघुरो भएकाले दमकल छिर्नै समस्या**

तनहुँका पत्रकार कृष्ण न्यौपानेका अनुसार आगो लागेको स्थाननेर ३ वटा हार्डवयेर सँगै छन् । आगो अनियन्त्रित ढंगले बढिरहेको छ । दमकल छिर्ने ठाउँ साँघुरो भएकाले दमकल छिर्नै समस्या छ ।

दमकल छिर्ने ठाउँमा टहरो भएकाले भत्काएर दमकल पुर्याउन लागिएको छ । पोखराबाट एउटा दमकल पठाइएको छ भने अर्को पनि पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय कास्की प्रमुख रमेश थापाले जानकारी दिए । *-अनलाईनखबरबाट*

# ठोरीबाट गाँजासहित दुई भारतीय पक्राउ



वीरगञ्ज/पर्सामा प्रतिबन्धित लागूऔषध गाँजासहित दुई भारतीय नागरिक पक्राउ परेका छन् । जिल्लाको ठोरी गाउँपालिकाबाट सशस्त्र प्रहरीले पाँच किलो अवैध गाँजासहित दुई भारतीय नागरिक पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारत जिल्ला पश्चिम चम्पारण सोनखर पञ्चायत १३ रामनगर बस्ने २९ वर्षीय सन्दीप पटेल र २५ वर्षीय प्रेम पटेल रहेका छन् । प्रहरीले उनीहरुलाई शनिबार साढे ८ बजेको समयमा पर्सा ठोरी गाउँपालिका वडा नम्बर ३ सिकारीबास स्थित नेपाल भारत सीमा क्षेत्रबाट पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ । बी.आर. ०६ यू.५८७३ नम्बरको भारतीय नम्बर प्लेटको मोटरसाइकलमा भारत तर्फ लैजाँदै गरेको अवस्थामा पाँच किलो गाँजासहित दुबैजनालाई पक्राउ गरेको सशस्त्र प्रहरी मधेश प्रदेशका प्रमुख (डिआइजी) गणेश ठाडा मगरले जानकारी दिए ।

प्रहरीका अनुसार दुबैजनाको साथबाट ४ हजार ५ सय भारतीय रुपैयाँ पनि बरामद भएको छ । आवश्यक कारबाहीको लागि दुबैजनालाई इलाका प्रहरी कार्यालय ठोरीलाई जिम्मा लगाइएको डीआइजी मगरले बताए ।

- साभार: यात्रा डेली

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०७८ फागुन २२ गते हेटौंडा-४ हुप्रचौरबाट पार्किङ्ग गरिरहेको अवस्थाबाट अन्दाजी दिउसो ३:०० बजे हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बागमती प्रदेश ०३-००५ प ९७७
**मोटरसाइकल धनीको नाम:** सुशान्त कोइराला
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २०० CC
**मोटरसाइकलको रंग:** सेतो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A36FX2MCA84245
**इन्जिन नम्बर:** JLXCMA36136
**सम्पर्क फोन नम्बर:** ९८४५२३५२१४

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# विद्युतीय स्कुटर अब हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, २२ फागुन/ पेट्रोलियम पदार्थको मूल्य आकासिएको बेलामा हेटौंडामा विद्युतीय स्कुटरको नयाँ शोरुम सञ्चालनमा आएको छ ।

चिनिया कम्पनि याडेको विद्युतीय स्कुटर बिक्री गर्ने गरी हेटौंडा-२, चौकीटोलमा वर्षा अटोमोबाइल्स आइतबारदेखि सञ्चालनमा आएको हो । शोरुमको हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले उद्घाटन गरेका थिए । हेटौंडालाई हरित शहर बनाउने उद्देश्यसहित शोरुम सञ्चालनमा ल्याइएको जनाइएको छ ।



पेट्रोलियम पदार्थको मूल्य पटक-पटक बृद्धि भई उपभोक्ताले चिन्ता व्यक्त गरिरहँदा विद्युतीय स्कुटरको नयाँ शोरुम सञ्चालनमा आएपछि हेटौंडाबासी हर्षित भएका छन् । पाँच घण्टामा व्याट्रि फूलचार्ज हुने स्कुटरले एकसय किलोमिटरसम्म यात्रा गर्न सकिने बताइएको छ । दुईहजार वाट क्षमता भएको व्याट्रि फूल चार्ज गर्दा डेढ युनिटमात्रै बिजुली खपत हुने कम्पनिको दाबी छ ।

अहिले एउटै मोडलको स्कुटर आएको र मूल्य एकलाख ७० हजार रुपियाँ रहेको सञ्चालक सबी भण्डारीले जानकारी दिए । उनले शोरुम उद्घाटनको अवसरमा १० हजार रुपियाँ छुटको व्यवस्थासमेत गरिएको जानकारी दिए । उद्घाटन कार्यक्रममा हेटौंडाको सबै वडाका वडा अध्यक्षहरुको पनि उपस्थिति थियो ।

## दुई जना कोरोना संक्रमित थपिए

हेटौंडा/ मकवानपुरमा आइतबार दुई जनामा कारोना संक्रमण पुष्टि भएको छ ।

१७ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गर्दा दुईजनाको रिपोर्ट पोजिटिभ आएको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार मकवानपुरमा हाल १९ जना कोरोनाको सक्रिय संक्रमित रहेका छन् । उनीहरु सबै होम आइसोलेसनमा उपचाररत रहेको कार्यालयले जनाएको छ ।

## प्रगतिशील शिक्षक संगठनमा रुम्बा

हेटौंडा, २२ फागुन/ कुमार रुम्बाको नेतृत्वमा प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको नयाँ समिति निर्माण भएको छ ।

संगठनको प्रथम भेलाले रुम्बाको अध्यक्षतामा ३१ सदस्यीय कमिटी गठन भएको हो । समितिको उपाध्यक्षमा बद्री गौतम, महिला उपाध्यक्षमा प्रमिता सिग्देल, सचिवमा मुकेश मिश्र, कोषाध्यक्षमा श्याम बस्नेत चयन भए । सदस्यहरुमा टेकराज सापकोटा, सीता धिताल, सम्झना लामा बल, रोजिना पौडेल, रोजन घिमिरे, अभिषेक दहाल, सम्झना रसाइली, दिपेश्वर गौतम, जमुना लामा, कान्छाराम लामा, पासाङ लामा, सरोज तामाङलगायत चयन भएका छन् ।

यसैगरी, सदस्यमै सरु रुम्बा, लक्ष्मी तिमल्सिना, सञ्जय राना, सृजना राई, ताराकुमारी आचार्य, जयन्ती कुँवर, सम्झना लामा, प्रेम कुशमी, गौतम थापा, सुदर्शन पुडासैनी, सनित्रा चेपाङ, कुमार घिसिङ, रमा पुडासैनी, विष्णु वाईबा, मञ्जली लामा चयन भए । जिल्ला भेलाले किरणकुमार रेग्मी मगरको अध्यक्षतामा हेटौंडा उपमहानगरपालिका कमिटी र ठूलीमैया बलामीको अध्यक्षतामा ईन्द्रसरोवर गाउँपालिका कमिटी गठन गरेको छ ।

गाउँपालिका कमिटीको महिला उपाध्यक्ष शान्ति लामा, सचिव रामकृष्ण बलामी, कोषाध्यक्षमा सुमित्रा गोले, कार्यसमिति सदस्यहरुमा रामकुमार अधिकारी, मिलन रेग्मी, रजनी रुचाल मगर, विनिता बलामी, सपना दहाल, बिनाकुमारी शर्मा, गोकर्णसिंह क्षेत्री रहेका छन् ।

भेलामा नेकपा (एकीकृत समाजवादी) पार्टीका केन्द्रीय उपाध्यक्ष तथा बागमती प्रदेश इञ्चार्ज केदार न्यौपानेको प्रमुख आतिथ्यता थियो । भेलामा नेकपा (एकीकृत समाजवादी)का बागमती प्रदेश सदस्य यादव गजुरेल, मकवानपुर पार्टी अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष मीना लामा, सचिव विष्णु दहाललगायतको आतिथ्यता थियो ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## बनेको वर्षदिनपछि सडक उद्घाटन

हेटौंडा, २२ फागुन/ हेटौंडा उपमहानगरपालिकाबाट मकवानपुर गढी गाउँपालिकाको ४ नम्बर वडास्थित मनकामना मन्दिर क्षेत्रसँग जोड्ने स्ल्याब सडक उद्घाटन गरिएको छ ।

निर्माण सम्पन्न भएको करिब एक वर्षपछि हेटौंडाका नगर प्रमुख हरिबहादुर महत र गाउँपालिका अध्यक्ष बिदूर हुमागाईंले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । मनकामना मन्दिर हेटौंडाबाट सबैभन्दा नजिको धार्मिक स्थल हो । मनकामनामा दैनिकरुपमा हेटौंडाका सयौं भक्तजन पूजाआजाका लागि जाने गरेका छन् । पूजा गर्नमात्र नभई, हेटौंडाबाट मर्निङवाक गर्नेको पनि बाक्लो भीड लाग्ने गरेको छ । नगरबासीलाई मन्दिरमा पूजा गर्न र मर्निङ वाक गर्नेलाई हिँड्डुलमा सहज बनाउन उपमहानगरपालिकाले स्ल्याब सडक निर्माण गरेको थियो ।

उपमहानगरपालिकाले दुई करोड ५० लाख लागतमा हेटौंडा-५, सिचाईंकुनाबाट मनकामनाडाँडासम्म कच्ची सडकलाई स्ल्याब ढलान गरेको थियो ।

**खुल्यो ! खुल्यो**



**नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै**
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

**कर्मचारी आवश्यकता**

**कम्पनीको नाम: गार्डेन मार्ट डिपार्टमेन्ट स्टोर**
**स्थान:** हेटौंडा-४, पारिजातपथ
**पद :** फ्लोर्स सेल्स एण्ड वायरहाउस किपर
**तलब :** फ्लोर सेल्सको लागि १२,५००।- प्रतिमहिना
**तलब :** वायरहाउस किपरको लागि १५,०००।- प्रतिमहिना
**योग्यता:** फ्लोर सेल्सको लागि +२ उत्तीर्ण
**योग्यता:** वायरहाउस किपरको लागि स्नातक उत्तीर्ण
**आवश्यक संख्या:** फ्लोर सेल्समा २ पुरुष/ २ महिला
**आवश्यक संख्या:** वायरहाउस किपरमा १ जना ।
**सम्पर्क मोबाइल नम्बर:**
०५७-५९०३७२/५९०३७०

**डबल ब्ल्याक खाजा**

**स्वादिष्ट परिकारहरू:**
☞ बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞ चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞ बफ सुकुटी र छोयला
☞ हल्का पेय पदार्थ
☞ भेज चाउमिन



**ओपाज**
कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।
**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल

**पल्पसा सदन, रेष्टुरेण्ट, सभागृह र चौर भाडामा लगाउने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०७८ फागुन २३)*

मकवानपुर उद्योग वाणिज्य संघको स्वामित्वमा रहेको हेटौंडा-२ स्थित पाँचतल्ले तीसकोठे पल्पसा सदन, निर्माणाधिन दुईतल्ले रेष्टुरेण्ट, सभागृह र चौरभाडामा संचालन गर्न होटल, रेष्टुरेण्ट वा पार्टी प्यालेस संचालन गर्ने इजाजत लिएका ईच्छुक भ्याटमा दर्तावाल फर्म वा कम्पनीले संघबाट फिर्ता नहुनेगरी रु. १०००।- (अक्षरेपि रु. एकहजार मात्र) मा आवेदन फारम खरिद गरी २०७८ फागुन २९ गतेभित्र तोकेको धरौटी जम्मा गरी संघमा पेश गर्न आव्हान गरिन्छ । उक्त संरचनाहरु र चौर बढाबढको आधारमा भाडामा उपलब्ध गराइनेछ । कम वा बढी दर प्रस्ताव गर्ने व्यवसायीलाई भाडामा दिने वा नदिने अधिकार संघमा निहित रहनेछ ।

छनौटमा परेका व्यवसायीबाट संघले निर्धारण गरेको सम्झौताको प्रावधान बमोजिम संचालन गर्नुपर्नेछ । अनुभवीलाई प्राथमिकता दिइनेछ । थप जानकारीको लागि संघको सचिवालयको सम्पर्क नं. ९८५५०७०११० मा सम्पर्क गर्न सकिनेछ ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा-२, मकवानपुर

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकार का पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## 'समाजवादीका कारण एमसीसी हुबहु पास भएन'

हेटौंडा, २२ फागुन/ स्वास्थ्य तथा जनसंख्या मन्त्री बिरोध खतिवडाले अमेरिकी सहयोग नियोग मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) हुबहु पास गर्न नेकपा (एकीकृत समाजवादी)ले नदिएको बताएका छन् ।

मकवानपुरे कम्युनिष्ट नेता खतिवडाले एमसीसी हुबहु पास गर्न नहुनेमा समाजवादी पार्टी अडिग रहेकाले ब्याख्यात्मक घोषणा गर्दै एमसीसी पास गरिएको बताए । उनले नेकपा (एकीकृत समाजवादी) जनताको पक्षमा काम गरिरहेको बताएका छन् ।

एकीकृत समाजवादीको भीमफेदी गाउँपालिकास्तरीय अधिवेशन तथा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै मन्त्री खतिवडाले पार्टीले जनताको इच्छाअनुसार काम गरिरहेको दाबी गरेका हुन् ।

आगामी निर्वाचनबाट केपी शर्मा ओलीले आफ्नो हैसियत थाहा पाउने चेतावनी खतिवडाले दिए ।

पार्टी भीमफेदीका अध्यक्ष समीर श्रेष्ठको अध्यक्षतामा भएको भेलामा एकीकृत समाजवादी मकवानपुरका अध्यक्ष श्रीधर पोखेल, सचिव विष्णु दाहाल, उपाध्यक्ष मीना लामा, पार्टी मकवानपुर जिल्ला कमिटीका सचिवालय सदस्य तथा युवा संघ केन्द्रीय सचिवालय सदस्य कविन पन्त, जिल्ला सचिवालय सदस्य शिवहरि बर्तौलालगायतको आतिथ्यता थियो ।

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

**प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा**


यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**
१. **मकवानपुर:** पुरुष फुटबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि

**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा
**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे
**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रदर्शन, तीन सय बढी विद्यार्थीहरुद्वारा ड्रिल कार्यक्रम तथा आतँशवाजीको मज्जा लिन सकिने ।
**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश





**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**www.sajhakuranews.com**
साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

**घडेरी बिक्रीमा**

**जिल्ला : मकवानपुर**
**हेटौडा उपमहा नगरपालिका वडा नं. १**




**सम्पर्क नं.: ९८४५१०३६६३**
**९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना